UNESCO Asia-Pacific Awards for Cultural Heritage Conservation
UNESCO Bangkok

United Nations Educational, Scientific and Cultural Organization

unesco.org

सांस्कृतिक सम्पदा संरक्षणका लागि युनेस्को एसिया-प्रशान्त पुरस्कारको बारेमा

एसिया तथा प्रशान्त क्षेत्रभरी नै सांस्कृतिक सम्पदा स्थलहरु खतरामा छन् । धेरै जसो सम्पदा भवनहरु एवं धरोहरहरु निजी स्वामित्वमा रहेकाले यस्ता स्थलहरुको संरक्षणमा व्यक्ति तथा निजी संस्थाहरुको गहन भूमिका रहन्छ ।

यस तथ्यलाई स्वीकार्दै वर्तमान र भविष्यका पिंढीहरुको हितका निमित्त यस क्षेत्रका सांस्कृतिक सम्पदाहरुको संरक्षणको लागि युनेस्को निजी क्षेत्रको संलग्नता तथा सार्वजनिक-निजी क्षेत्रको सहकार्यलाई प्रोत्साहन गर्दछ ।

सांस्कृतिक सम्पदा संरक्षणका लागि सन् २००० मा स्थापित युनेस्को एसिया-प्रशान्त पुरस्कारले निजी क्षेत्र तथा सार्वजनिक-निजी पहलद्वारा सफलतापूर्वक गरिएका सम्पदा भवनहरु एवं धरोहरहरुको संरक्षण तथा जिर्णोद्वार कार्यलाई उत्कृष्ट उपलब्धिको रुपमा मान्यता प्रदान गर्दछ ।

सन् २००५ मा युनेस्कोले नविनतम सिर्जनाका लागि एक निर्णायक मण्डली प्रशंसा प्रारम्भ गरेको छ । निर्णायक मण्डली प्रशंसाले ऐतिहासिक परिवेशसंग राम्ररी मिल्नेगरी बनाइएका नवनिर्मित संरचनाहरु, जसले विशिष्ट वास्तुकलात्मक नमूना प्रदर्सित गर्दछ, लाई मान्यता प्रदान गर्दछ ।

यस्ता पुरस्कारहरुका लागि युनेस्कोले सन् २००० देखि २४ देशबाट ५५६ दाखिलाहरु प्राप्त गरेको छ । जम्मा १६० वटा परियोजनाहरुले उदाहरणीय संरक्षण प्रयास गरेवापत युनेस्को एसिया-प्रशान्त पुरस्कार पाए भने ८ परियोजनाहरुले नविनतम सिर्जनाका लागि निर्णायक मण्डली प्रशंसा पाएका छन् ।

पुरस्कार विजेताहरुमा निजी आवासदेखि दरवार परिसरहरु लगायत व्यापक क्षेत्रका संरक्षण परियोजनाहरु छन् । विगतमा यी परियोजनाहरुले एसिया तथा प्रशान्त क्षेत्रमा संरक्षणको बढ्दो गतिशिलता एवं स्तरको चित्रण गर्दछन् ।

यस पुरस्कारले यस क्षेत्रमा सांस्कृतिक सम्पदा संरक्षणको लागि एउटा प्राविधिक तथा सामाजिक मानक तय गरेको छ । विजेता परियोजनाहरुले यस क्षेत्रभरी नै सांस्कृतिक सम्पदाहरुको संरक्षणमा व्यक्ति तथा निजी संस्थाहरुको लागि उत्प्रेरक एवं प्रेरणाको श्रोतको काम गरेका छन् ।